# माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:९ संख्या: ४ मिति: २०८२/०९/०२

भाग २

## माण्डवी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र माण्डवी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम माण्डवी गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमका ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सम्वत् २०८२ सालको मापदण्ड नं. १

## माण्डवी गाउँपालिकाको भू- उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी

## मापदण्ड तथा आधारहरू

भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहायअनुसार यस माण्डवी गाउँपालिका क्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनको लागि भू- उपयोग ऐन, २०७६ को दफा (५) को उपदफा (४) बमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अद्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ।

**१ संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस मापदण्डको नाम "माण्डवी गाउँपालिकाको भू- उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू" रहेको छ।

(ख) यो मापदण्ड माण्डवी गाउँपालिको स्थानीय भू- उपयोग परिषदले पारीत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा: विषय वा प्रसङ्गले फरक अर्थ नलागेमा यस मापदण्डमा,**

(क) "ऐन" भन्नाले भूउपयोग ऐन, २०७६ लाई सम्झनुपर्दछ।

(ख) "नियमावली" भन्नाले भूउपयोग नियमावली, २०७९ लाई सम्झनुपर्दछ।

(ग) "गाउँपालिका" भन्नाले माण्डवी गाउँपालिका लाई सम्झनुपर्दछ।

(घ) "भू- उपयोग परिषद" भन्नाले माण्डवी गाउँपालिकाको स्थानीय भू- उपयोग परिषदलाई सम्झनुपर्दछ।

## ३. भू–उपयोग वर्गिकरणको सूचि

भू–उपयोग ऐन र नियमावली तथा यस स्थानीय तहको भू–उपयोग परिषदवाट विष्लेषण गरीएको स्थानीय आवस्यकता समेतका आधारमा माण्डवी गाउँपालिकामा रहेका तपशिल वमोजिमका क्षेत्रहरुलाई देहायका भू–उपयोग क्षेत्रमा  वर्गीकरण गरीएको छ ।

### १. व्यावसायिक क्षेत्र

| क्र स | वडा नं | ठाउँको नाम | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १ | ३ | नयाँगाउँ | हाल बजार रहेको क्षेत्र । | |
| २ | | देविस्थान | पेट्रोल पम्म देखि मोड सम्मको हाल बजार रहेको क्षेत्र । | |
| ३ | | जस्पुर | जस्पुर बजार सबै र गाउपालिका वरिपरी | |
| ४ | ५ | चेरनेटा | हाल बजार रहेको क्षेत्र | |

### २. आवासीय क्षेत्र

| क्र स | वडा नं | ठाउँको नाम | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १ | १ | थक्लेनी, सिमलचौर, अरङ खोला पुल सम्म | भालुवाङ्ग प्यूठान राजमार्गको थक्लेनी, सिमलचौर, अरङ खोला पुल सम्मका आवासयोग्य जग्गाहरु । | |
| २ | | त्रिवेणीडाँडाँ देखि तिराम डाँडा | त्रिवेणी मुर्कुट्टी घोराही सडकको त्रिवेणीडाडा देखी लामपोखरा सम्म आवासका लागि उपयुक्त सडक का दायाँवायाँका जग्गाहरु | |

| क्र स | वडा नं | ठाउँको नाम | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| ३ | २ | लामपोखरा देखि प्रहरी चौकी हुँदै डाँडापोखरा जाने बाटो | लामपोखरा  देखि प्रहरी चौकी हुँदै डाँडाँपोखरा जाने बाटोका दायाँवायाँका आवासका लागि उपयुक्त जग्गाहरु | |
| ४ | | गणेश मा वि धुरुङ्गा | गणेश मा वि देखि उत्तर पुर्वका  सडक दायाँवायाँका आवासका लागि उपयुक्त जग्गाहरु | |
| ५ | | राईपाल | डाम्रीखोला देखी धुरुङ्गा जाने सडकको राईपाल क्षेत्रमा रहेका आवासका लागि उपयुक्त जग्गाहरु | |
| ६ | | कुमालटार छविसे वडेचौर | त्रिवेणी रातापानी मर्कावाङ्ग सडक अन्तर्गत कुमालटार छविसे वडेचौर क्षेत्रमा रहेका आवासका लागि उपयुक्त जग्गाहरु | |
| ७ | | रातापानी | त्रिवेणी रातापानी मर्कावाङ्ग मुरकुट्टी सडक अन्तर्गत रातापानी क्षेत्रको सुन्नानी आधार मा वि वरीपरी मर्कावाङ्ग स्वास्थ्य चौकी रहेको स्थानको पूर्व र दक्षिण क्षेत्रमा रहेका आवासका लागि उपयुक्त जग्गाहरु | |
| ८ | | गोलवाङ्ग, मौरीछेडा | त्रिवेणी मुरकुट्टी घोराही सडक खण्डका दायाँवायाँ गोलवाङ्ग र मौरीछेडामा रहेका हाल आवासिय  जग्गाहरु | |
| ९ | | ठूलिलेक | ठूलिलेकमा रहेको कित्ता नं २९६ को जग्गा | |



माण्डवी गाउँपालिका

| क्र स | वडा नं | ठाउँको नाम | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १० | ३ | देवीस्थान, जस्पुर, जावुने, दारीमचौर नयागाउँ, लामाचौर | भालुवाङ्ग रोल्पा सडक खण्ड अन्तर्गत देवीस्थान, जस्पुर, जावुने, दारीमचौर नयागाउँ लामाचौर क्षेत्रमा रहेका आवासका लागि उपयुक्त जग्गाहरु | |
| ११ | | मार्सिवाङ्ग | लामाचौर मार्सिवाङ्ग सल्लिकोट ग्रामीण सडक र भित्रि सडकले छोएका आवासका लागि उपयुक्त जग्गाहरु | |
| १२ | | सल्लीवेशी | सल्लीवेशी हुदैँ सल्लिकोट जाने ग्रामीण सडकले छोएका आवासका लागि उपयुक्त जग्गाहरु | |
| १३ | | आपचौर | नयाँगाउँ उदयपुरकोट सडकको दायाँवायाँ आपचौरमा हाल रहेको आवासीय क्षेत्र । | |
| १४ | ४ | गैराबारी देखि राज पोखरा जाने सडक | गैरावारी देखि राज पोखरा जाने सडकको दायाँवायाँ आवासको लागि उपयुक्त जग्गाहरु । | |
| १५ | ५ | चकचके क्षेत्र | भालुवाङ प्यूठान सडक अन्तर्गत चकचके पुल देखि कोलबोटसम्म सडकको दायाँवायाँ आवासको लागि उपयुक्त जग्गाहरु | |
| १६ | | | कोलबोट देखी बगालेटोल सडकको दायाँवायाँ आवासको लागि उपयुक्त जग्गाहरु | |
| १७ | | | कोलबोट देखि सिँचाइ पोखरी सडकको दायाँवायाँ आवासको लागि उपयुक्त जग्गाहरु | |

माण्डवी गाउँपालिका

| क्र स | वडा नं | ठाउँको नाम | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १८ | | | चकचके क्षेत्रमा रहेका भित्री बाटोको दायाँवायाँको आवासको लागि उपयुक्त जग्गाहरु | |
| १९ | | अर्दुश क्षेत्र | पिपलचौतारा देखि बुटवल पावर कम्पनी जाने सडकको अर्दुश क्षेत्र दायाँ तर्फ आवासको लागि उपयुक्त जग्गाहरु | |
| २० | | चेरनेटा देखि रम्दी चिन सिख्रे क्षेत्र | चेरनेटा देखि वडा कार्यालय जाने सडकको वायाँ तर्फ आवासको लागि उपयुक्त जग्गाहरु। | |
| २१ | | | सिख्रे गाउँको हाल आवास रहेको क्षेत्र | |
| २२ | | चेरनेटा देखि तिग्रा जाने पक्की सडक | चेरनेटा देखि तिग्रा जाने पक्की सडक देखि रम्दीवेशि हुँदै ड्यामसाइड जानेबाटोको दायाँवायाँ आवासको लागि उपयुक्त जग्गाहरु। | |
| २३ | | | आँपचौर वस्तिमा चेरनेटा देखि तिग्रा जाने पक्की सडकको दायाँवायाँ आवासको लागि उपयुक्त जग्गाहरु। | |
| २४ | | | जोत्रे वस्तिमा चेरनेटा देखि तिग्रा जाने पक्की सडकको दायाँवायाँ आवासको लागि उपयुक्त जग्गाहरु। | |
| २५ | | | तिग्रा वस्तिमा चेरनेटा देखि तिग्रा जाने पक्की सडकको दायाँवायाँ आवासको लागि उपयुक्त जग्गाहरु। | |
| २६ | | | तिग्रा रिडिरोड मोटरबाटोको दायाँवायाँ र भित्रि सडकको दायाँवायाँ आवासको लागि उपयुक्त जग्गाहरु। | |

## ३. खानी तथा खनिज क्षेत्र

| क्र स | वडा नं | ठाउँको नाम | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १ | ५ | सिरवारी | सिरवारी क्षेत्रमा रहेका सम्पूर्ण व्यक्तिगत कित्ताहरु । | |

## ४. औद्योगिक क्षेत्र

| क्र स | वडा नं | ठाउँको नाम | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १ | ५ | रम्दीवेशी | रम्दीवेशीमा हाल क्रशर उद्योग रहेको क्षेत्र । | |
| २ | ५ | एकचोटे | चकचके एकचोटे कालिखोला सडक अन्तर्गत एकचोटेमा सडकको वस्तिवाहेक वन संग जोडिएको क्षेत्र । | |

माण्डवी गाउँपालिका

## ५. वन क्षेत्र

- भू-उपयोग नियमावली २०७९ को नियम ८ संग सम्वन्धित अनुसूची १ (च) बमोजिमको मापदण्ड बमोजिमको क्षेत्रहरु ।

६. **<u>सार्वजनिक उपयोगको क्षेत्र</u>**

- भू-उपयोग नियमावली २०७९ को नियम ८ संग सम्वन्धित अनुसूची १ (ज) बमोजिमको मापदण्ड बमोजिमको क्षेत्रहरु।
- गाउँपालिकाभरी रहेका सार्वजनिक जनिएका कित्ताहरु।

७. **<u>साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र</u>**

- भू-उपयोग नियमावली २०७९ को नियम ८ संग सम्वन्धित अनुसूची १ (झ) बमोजिमको मापदण्ड बमोजिमको क्षेत्रहरु।

८. **<u>नदि, खोला, ताल, सिमसार  क्षेत्र</u>**

- भू-उपयोग नियमावली २०७९ को नियम ८ संग सम्वन्धित अनुसूची १ (छ) बमोजिमको मापदण्ड बमोजिमको क्षेत्रहरु।

**<u>९. कृषि क्षेत्र</u>**

- क्र स संख्या १ देखि ८ सम्म नसमेटिएका सम्पूर्ण जग्गा

४. भूउपयोग क्षेत्र वर्गीकरण भई प्रत्येक कित्ताको विवरण तयार गरे पश्चात कित्तानापि नक्सामा कुनै कित्ता छुट हुन गएमा वा अस्पष्ट हुन गएमा साविक नक्सा तथा अन्य प्रमाणको आधारमा वर्गीकरण गरिएको भूउपयोग क्षेत्र फरक नपर्ने गरि त्यस्तो त्रुटि संशोधनका लागि स्थानीय तहको सिफारिस बमोजिम संशोधन गर्न सकिने।

५. भू-उपयोग (पहिलो) संशोधन नियमावली २०८० को नियम ४ को उपनियम ४ घ बमोजिम भू-उपयोग क्षेत्र वर्गिकरण भइ प्रत्येक कित्ताको विवरण तयार गर्ने क्रममा वर्गिकरण गरिएको भू-उपयोग क्षेत्र भन्दा फरक क्षेत्रमा वर्गिकरण हुन गई त्रुटि हुन गएमा वर्गिकरण गरिएको भू-उपयोग क्षेत्र फरक नपर्ने गरि त्रुटी संशोधन गरि सिफारिस गरिने ।

६. स्थानीय तहको आवश्यकता तथा उपयोगिता र मापदण्डको आधारमा तयार पारिएको माथि उल्लेखित क्षेत्रमा पर्ने ठाउँको नाम, स्थान फरक परेमा कहि कतै छुट्न गएको वा नसमेटिएको देखिन गएमा स्थानीय भू-उपयोग परिषदबाट बर्गीकरण गरी निर्णय गरेर पेश भएको भू-उपयोग नक्सा तथा कित्तागत विवरण फरक परेको खण्डमा भू-उपयोग नक्सामा भएको वर्गीकरणलाई नै अन्तिम आधार मानिने छ ।

७. मापदण्डको संशोधनः भूउपयोग परिषद्को सिफारिसमा (माण्डवी) गाउँकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

८. बाधा अड्काउः यस मापदण्ड कार्यान्वयनमा कुनै समस्या आएमा भूउपयोग परिषद्ले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**प्रमाणीकरण मिति:२०८२/०९/०२**

**आज्ञाले,**
**भिमकान्त भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**

माण्डवी गाउँपालिका